लोक सेवा आयोग

राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको
खुला प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

२०८८।११।१५

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

पत्र :- प्रथम

विषय :-प्रशासन र व्यवस्थापन

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

१. नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहका सरकारको एकल एवं साझा अधिकार सूची तय गरिएको छ । साझा अधिकारका सूचीको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी भैसकेको छ । तर व्यवहारमा संघ, प्रदेश र स्थानीय सरकारले उपयोग गर्ने कतिपय अधिकारको विषयमा एउटै बुझाई हुन नसक्दा यो विषय अदालतसम्म पुगेको छ । तीनै तहका सरकारले आफूलाई प्रदत्त अधिकार समन्वय र सहकारिताको मर्म अनुरूप प्रयोग गर्न के-कस्ता कानूनी, प्रकृयागत तथा सैद्धान्तिक अड्चनहरू छन्? विश्लेषणसहित समाधानका उपाय प्रस्तुत गर्नुहोस् । ८+७=१५

२. नेपालको सार्वजनिक प्रशासनको कार्य सम्पादनप्रति अधिकांश सेवाग्राही, राजनीतिक नेतृत्व, नागरिक समाज लगायत सबैको गुनासो रहेको देखिन्छ । आफूलाई सुम्पिएका कार्यहरू प्रभावकारीरूपमा सम्पादन नगर्ने, निर्दिष्ट आचरण वा अनुशासनमा नबस्ने, सेवाग्राही नागरिकप्रति असल व्यवहार देखाई समयमा गुणस्तरीय सेवाप्रवाह नगर्ने, आफ्नो कामप्रति जिम्मेवारी तथा जवाफदेहिता नलिने जस्ता लाञ्छना कर्मचारीतन्त्रलाई लाग्ने गरेको छ । यसो हुनुमा सरकारी संगठन तथा निजामती सेवामा रहेको कार्य संस्कृति (Work Culture) लाई औल्याउने गरिन्छ । संगठनको कार्य संस्कृतिलाई परिवर्तन वा सांगठनिक प्रभावकारिता बढाई उद्देश्य तथा लक्ष्य हासिल गर्न नेतृत्वको भूमिका महत्वपूर्ण हुन्छ । कुशल नेतृत्वशैली भएका कार्यालय वा विभागीय प्रमुख रहेका केही सरकारी संगठन प्रभावकारी देखिएका पनि छन् । त्यस्ता निकाय वा नेतृत्व विभिन्न क्षेत्रबाट प्रशंसित र पुरस्कृत समेत भएका छन् । संगठनको साँच, लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयार गरी प्रत्येक कर्मचारीलाई नतिजामूलक सूचक सहितको जिम्मेवारी तोक्न र समय समयमा अनुगमन तथा कार्य सम्पादनको समीक्षा गरी नतिजा हासिल गराउन नेतृत्वकै भूमिका महत्वपूर्ण हुन्छ । संगठनको प्रशासकीय प्रमुखले नै मानवीय, आर्थिक तथा भौतिक साधनलाई सांगठनिक उद्देश्य हासिल गर्नका लागि प्रभावकारी रूपमा परिचालन गर्न सक्छन् । सांगठनिक कार्य प्रक्रिया तथा कार्य संस्कृतिमा सुधार ल्याई कार्यकुशलतामा अभिवृद्धि ल्याउन सक्छन् । तर नेपालमा अधिकांश नेतृत्व कानूनतः प्राप्त अधिकार समेत प्रयोग नगर्ने, कार्य सम्पादन कमजोर हुनुमा राजनीतिक नेतृत्वलाई दोषी देखाउने, संगठनभित्रका कर्मचारीहरूको सहयोग लिई लक्ष्य हासिल गर्नेतिर भन्दा पनि कर्मचारीको सानो समूह बनाई कार्य गर्ने, संगठनभित्र कार्य प्रक्रियामा नवीनता वा नवप्रवर्तनलाई प्रोत्साहन नगर्ने र कुनै समस्या आईपरेमा समाधानतर्फ उन्मुख हुनुको सट्टा अन्यत्र सरूवा हुनेतर्फ प्रवृत्त रहने गरेको पाइन्छ । फलतः समग्र प्रशासनयन्त्रको छवि धमिलो हुँदै गई जनताले समस्या भोग्नु परिरहेको अवस्था रहेको छ ।
प्रस्तुत सन्दर्भमा प्रशासनयन्त्रको कार्य संस्कृति र सोको सुधार गर्न नेतृत्वले खेल्नु पर्ने भूमिकाका सम्बन्धमा रहेका समस्याको पहिचान, विश्लेषण र सुधारको कार्ययोजना प्रस्तुत गर्नुहोस् । १०+१०=२०

३. पन्ध्रौं पञ्चवर्षीय योजनाको दीर्घकालीन सोचमा "समृद्ध नेपाल सुखी नेपाली" को नारासहित समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको सामान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएको सुखी नागरिक बसोबास गर्ने मुलुक हुने रहेको छ । मुलुकमा संघीय शासन प्रणाली अन्तर्गत तीन तहको सरकार निर्माण भएर जनताको घर नजिकबाट सेवा प्राप्त हुने विषयमा स्थानीय जनता विश्वस्त भएका थिए । मुलुकले लामो समय राजनीतिक लडाईबाट विजय प्राप्त गरी अबको राजनीतिक एजेण्डा विकासमा परिणत भएको भन्ने धारणा व्यक्त हुँदै आएको छ । विकास, सुशासन र समृद्धिको लागि लोकतान्त्रिक मूल्य र मान्यता अनुरूप संविधान र विभिन्न कानूनको निर्माण समेत भएका छन् । तर परिवर्तित सन्दर्भमा पनि राज्यमा सुशासन, जवाफदेही राजनीति र द्रुत आर्थिक/सामाजिक विकासका लक्ष्य हासिल गरी जनतामा राज्य र राज्यको संयन्त्रप्रतिको विश्वास आर्जन गर्न सकिएको छैन । मुलुकमा सुशासन कायम गरी विकास र समृद्धिको जन अपेक्षालाई मूर्तरूप दिन विद्यमान सुशासन, उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवस्थामा के-कस्ता सुधार वा नयाँ व्यवस्थाको आवश्यकता छ? विश्लेषणात्मक प्रस्तुती दिनुहोस् । २०

क्रमशः

४. कोभिड-१९ को महामारीबाट नेपालको अर्थतन्त्र प्रभावित हुन गई आर्थिक वृद्धिदर पछिल्लो दुई दशकमै पहिलो पटक ऋणात्मक रहेको छ । जुन आव २०७१/७२ मा गएको विनाशकारी भूकम्पबाट सिर्जित आर्थिक क्षतिभन्दा उच्च रहेको छ । यसैगरी आर्थिक लगानी र आर्थिक कारोवारमा समेत संकुचन आएको छ । विकास निर्माण, जनताको दैनिकी र विभिन्न व्यवसायको सञ्चालनमा सोझो प्रत्यक्ष असर परेको छ । फिरतारै कोभिड विरुद्धको भ्याक्सीनको विकास र स्वास्थ्यको लागि सामाजिक दुरीजस्ता सामाजिक सचेतना र सावधानीका कारण कोभिडबाट प्रभावित जनसंख्या क्रमशः घटदै गएको छ भने मानिसको जनजीवन पनि क्रमशः सामान्य बन्दै गएको बेला हालसालै COVID-19 कै नयाँ भेरियण्टको रूपमा Omicron ले व्यापकता लिदै गएको पनि छ । विगतमा COVID को Wave लाई रोकथाम गर्न केन्द्र, प्रदेश र स्थानीय सरकारले अवलम्बन गरेका विभिन्न उपायहरूको कमी कमजोरीहरू औल्याउँदै अब अवलम्बन गर्नुपर्ने उपायहरू प्रस्तुत गर्नुहोस् । २०

५. समावेशीता लोकतन्त्रको एक अपरिहार्य तत्व हो । नेपालको संविधानले पनि समावेशीतालाई आत्मसात् गरेको छ । संविधानको भावना अनुकूल समग्र शासन व्यवस्थालाई समावेशी तुल्याउन विभिन्न नीतिगत, संरचनागत र कानूनी प्रबन्धहरू गरिएका छन् । यस क्रममा विगत करिब डेढ दशकदेखि नेपालको निजामती सेवालाई समावेशी तुल्याउन विभिन्न सकारात्मक विभेद (Positive Discrimination) तथा आरक्षण (Reservation) का नीतिहरू कार्यान्वयन हुँदै आएका छन् । खासगरी निजामती सेवाका पदहरूमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा महिला, आदिवासी जनजाती, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका वासिन्दाहरूका लागि आरक्षणको व्यवस्था लागू हुँदै आएको छ । फलस्वरूप छोटै अवधिमा निजामती सेवामा लक्षित तथा सीमान्तीकृत वर्गहरूको उपस्थिति उल्लेखनीय रूपमा बढेको छ । यसबाट एकातिर सार्वजनिक प्रशासनमा सीमित वर्गहरूको एकाधिकार भयो भन्ने सदियौं देखिको आलोचनाबाट निजामती सेवा केही हदसम्म मुक्त हुँदैछ भने सीमान्तीकृत वर्गहरूको उल्लेख्य उपस्थितिले सम्बन्धित पक्ष प्रत्यक्ष रूपमा लाभान्वित पनि भएको छ । यसका अतिरिक्त समग्र सीमान्तीकृत वर्गहरूको अनुकूल हुनेगरी नीति निर्माण र कार्यान्वयन गर्ने पनि बल पुगेको अनुमान गर्ने गरिन्छ । निजामती सेवामा समावेशी अभ्यासका यी सकारात्मक परिणामहरूका बावजूद कतिपय नकारात्मक टिकाटिप्पणीहरू पनि सुनिने गर्दछन् । खासगरी आरक्षण सम्बन्धी हाम्रो अभ्यासमा एउटै व्यक्तिले पटक पटक अवसर पाउने गरेको, सामाजिक र आर्थिक रूपले पिछडिएको लक्षित वर्गले भन्दा पनि सीमान्तीकृत वर्ग भित्रका ठालू (Elites) ले मात्र अवसर प्राप्त गरेको तथा आरक्षणको नीति कार्यान्वयन गर्दा लक्षित वर्गहरूको क्षमता विकासको पाटो सँगसँगै लैजान नसकिएको र यसबाट योग्यता प्रणाली कमजोर हुन गएको भनी आलोचना हुने पनि गरेको छ । यथार्थमा जुनसुकै कोणबाट टिप्पणी गरिए तापनि योग्यता प्रणालीमा आधारित सक्षम र समावेशी निजामती सेवा आजको आवश्यकता हो ।

उपर्युक्त पृष्ठभूमिमा तपाईंलाई सरकारले निजामती सेवामा आरक्षण र सकारात्मक विभेद सम्बन्धी नीति कार्यक्रम र कार्यान्वयनको अवस्था अध्ययन गरी देहायका विषयमा प्रतिवेदन दिन जिम्मेवारी सुम्पिएको हुदा सोको प्रतिवेदन तयार गर्नुहोस् । ७+८+१०=२५

क) नेपालको निजामती सेवालाई समावेशी तुल्याउन कार्यान्वयन गरिएका सकारात्मक विभेद र आरक्षण सम्बन्धी हालसम्मको अभ्यास तथा त्यसका उपलब्धीबारे समीक्षा गर्ने,

ख) सीमान्तीकृत वर्गभित्र पनि आरक्षणको सुविधा लक्षित समुदायमा पुऱ्याउन गरिएका मौजूदा नीतिगत तथा कानूनी व्यवस्थाको समीक्षा गरी त्यसको कार्यान्वयनमा देखिएका जटीलताहरूबारे विश्लेषण गर्ने,

ग) निजामती सेवामा योग्यता प्रणालीको मर्मलाई गर्न नदिई वास्तवमै लक्षित समूह भित्रको सीमान्तीकृत वर्गले अवसर प्राप्त गर्न सक्ने गरी समावेशी र प्रतिनिधिमूलक बनाई सक्षम निजामती सेवाको निर्माण गर्न सुझाव सहितको कार्ययोजना प्रस्तुत गर्ने ।

○○समाप्त○○